नगर प्रमुख श्री जित नारायण यादवले नगर सभाको बैठकलाई सम्बोधन गर्नु भएको आ.व. २०८३/८४ को गणेशमान चारनाथ नगरपालिकाको

# नीति तथा कार्यक्रम

गणेशमान चारनाथ नगरपालिका

विरेन्द्र बजार धनुषा

वि.सं. २०८३ असार ३ गते,

१. नगर सभाका सदस्यज्यूहरू,

२. नगर स्थापना भएको ११ वर्ष पूरा भई १२औं वर्ष मा निरन्तरता रहेको अवसरमा यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति पेश गरि सम्वोधन गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु।

३. प्रथमतः म मुलुकको राजनीतिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै, विभिन्न लोकतान्त्रिक आन्दोलन, जनयुद्ध,मधेश एवं जेन्जी आन्दोलनका घाईते योद्धा, अपाङ्ग, बेपत्ता नागरिक र तिनका परिवारहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

४. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिमार्फत अर्थतन्त्रको विकास गर्ने संवैधानिक मार्गदर्शन अनुरुप नयाँ संरचनाको रुपमा स्थापित यस नगरपालिकाले ११ वर्ष भन्दा बढी कार्यकाल पूरा गरिसकेको छ। यस अवधिमा नीति तथा कानून निर्माण, संस्थागत तथा संरचनागत प्रवन्ध, जनशक्ति व्यवस्थापन, विकास व्यवस्थापन, सेवा प्रवाह एवं सुशासन प्रवर्द्धन लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न नगरपालिका सक्षम भएको छ।

५. यस नगरपालिकाले आपसी संवाद, सहमति र सहकार्यमार्फत लोकतान्त्रिक विधि, मूल्य र मान्यताका आधारमा नगरको समग्र शासन व्यवस्थाको सञ्चालन, विकासको व्यवस्थापन एवं सार्वजनिक सेवा प्रवाहमा सुधारात्मक कार्यप्रणालीको अनुसरण गरेको छ।

६. मुलुकको संविधान बमोजिम नगरलाई प्राप्त अधिकार सूची एवं संविधानको मूल मर्म र भावनाअनुरुप संघीयताको प्रभावकारी कार्यान्वयन र कार्य विशिष्टीकरणलाई पुनर्संरचनाको मूल आधार बनाइएको छ।

७. यस नगरपालिकाले सन्तुलित र समन्यायिक विकासमा विशेष जोड दिंदै आर्थिक समृद्धि र विकास, सामाजिक रुपान्तरण, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय सुधार र सुशासन प्रवर्द्धन गरी गरिवी, बेरोजगारी र असमानताको न्यूनीकरण गर्ने दिशामा अगाडि बढिरहेको छ।

८. नगरमा उपलब्ध जल, जमिन, नदिजन्य पदार्थ, जनशक्ति लगायत अन्य स्रोत र साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दैं सुशासन, विकास र समृद्धिमार्फत नगरवासीको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन ल्याउने ध्येयका साथ वर्तमान नगरकार्यपालिकाले आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गरेको छ।

९. दिगो विकासका लक्ष्यलाई नगरपालिकाका योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी नगरका सम्भावना र सबल पक्षहरूको प्राथमिकीकरण र कुशलतापूर्वक उपयोग गर्दैं समृद्ध र आत्मनिर्भर नगरपालिका निर्माण एवं आर्थिक सामाजिक रुपान्तरणका साझा लक्ष्य पूरा गर्न वर्तमान नगरकार्यपालिका प्रतिबद्ध रहेको छ।

१०. निर्वाचित जनप्रतिनिधि एवं नगरपालिकामा कार्यरत जनशक्तिको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भैरहेका छन्।

११. नगरपालिकामा शासकीय व्यवस्थाको सञ्चालन, सेवा प्रवाह र विकास निर्माणका लागि आवश्यक ऐन, नियम तथा कानूनहरू तर्जुमा भैरहेका छन्।

१२. समन्वय, सहकार्य र सह-अस्तित्वको संवैधानिक सिद्धान्तलाई आत्मसात् गर्दैं संघ र प्रदेशसँग समन्वय र सहकार्यका साथ नगरपालिका अगाडि बढिरहेको छ।

१३. नगरका नागरिकलाई गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षामा गुणात्मक सुधार गर्ने उद्देश्यले नगरपालिका र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाको सहयोगमा **शैक्षिक सुधार कार्यक्रम"** सञ्चालन गरिएको छ।

१४. नेपाल सरकारको सोहौं आवधिक योजना र मधेस प्रदेश सरकारको दोस्रो आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्यसँग सामञ्जस्यता कायम हुने गरी नगरपालिकाकोको नीति, कार्यक्रम र बजेट सञ्चालित छन्। नगरपालिकाको समग्र विकासलाई व्यवस्थित र प्रभावकारी रुपले अघि बढाउन सहभागितामूलक अनुगमन प्रणाली अवलम्वन गरिएको छ।

१५. डिजिटल नगरपालिकाको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सूचना प्रविधिको उच्चतम उपयोग गर्दै लगिएको छ। सार्वजनिक सेवालाई सहज, सरल, सुलभ बनाउन अनलाईन र विद्युतीय माध्यममार्फत सेवा प्रदान गर्न यस नगरपालिकाले सक्रियतापूर्वक कार्यसम्पादन गरिरहेको छ।

१६. स्थानीय स्तरमा उत्पन हुने विवादको छिटो सरल न्यायोचित समाधान,मेलमिलाप र मध्यस्थताको माध्यमवाट विवाद व्यवस्थापन, न्यायमा सबै नागरिकको पँहुच सुनिश्चितता गरिएको छ।

**सभाका सदस्यज्यूहरू,**

१७. अब म आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

१८. लगानीमैत्री वातावरण निर्माण, उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पहुँच, रोजगारी सिर्जना, मानव पूँजी निर्माण, आय असमानता तथा गरिवी न्यूनीकरण, दिगो विकास र पर्यावरणीय सन्तुलन, गुणस्तरीय सार्वजनिक सेवा, संघीयताको प्रभावकारी कार्यान्वयन र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ।

१९. नगरपालिकाको नगर अस्पताल संचालन,कोल्ड स्टोर निर्माण वडा नं ५को वहिरादह पूल निमार्ण नगरको गौरवको आयोजनाको रुपमा विकास गरी कार्यान्वयन गरिनेछ।

२०. वेरोजगारी, गरिवि, महंगी, मध्यपूर्वमा ईजरायल लेवनान तथा ईरान र अमेरिका विचको युद्ध र यस नगरपालिकाका वासिन्दाले वैदेशिक रोजगारी गुमाउनु, वैदेशिक रोजगारीले सामाजिक क्षेत्रमा परेको असन्तुलन र प्रभावले समग्र अर्थतन्त्र र सामाजिक क्षेत्रहरूमा परेको असर र प्रभावले घरायसी विवाद, सम्वन्ध विच्छेद, आत्महत्या जस्ता घटना दिनानुदिन वढदै गईरहेकोले वैकल्पिक रोजगारी तथा स्वरोजगारीका अवसर, सिर्जना गर्न र घटना न्यूनिकरण सामाजिक सद्भाव सिर्जना गर्न मनोसामाजिक परामर्श लगायत विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१. न्यायमा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि, कानुनी सचेतना,वडा स्तरिय मेलमिलाप केन्द्र, विद्यालय तथा समुदायमा कानुनी शिक्षा,अध्यन अवलोकनका माध्यमवाट अनुभव आदानप्रदानका कार्यक्रम संचालन गरिने छ।

२२. स्वास्थ्य सेवालाई थप प्रभावकारी एवं व्यवस्थित बनाउन स्वास्थ्य सम्बन्धी पूवार्धार, स्वास्थ्य उपकरण, निसुल्क औषधि आपूर्ति, जनशक्ति व्यवस्थापन, क्षमता विकास लगायतका व्यवस्थापकीय कार्य चुस्त र दुरुस्त बनाइनेछ। पूर्ण खोप सुनिश्चिता घोषणा लाई निरतरता गरिनेछ।

२३. नगर अस्पतालको अधूरो भौतिक पूर्वाधार निर्माण प्रक्रिया पूरा गरि। नगर अस्पताललाई पालिकाकै नमूना अस्पतालको रुपमा विकास गरी सञ्चालनमा ल्याइनेछ।

२४. संघीय सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रमलाई सहज र सरल वनाउन पहल गरिने छ। वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२५. पुर्व पश्चिम महेन्द्रराज मार्ग, खोला पोखरीहरुमा डुवानवाट हुने दुर्घटना लगायतका अन्य दुर्घटना र अन्य क्षेत्रमा हुने सडक दुर्घटना लगायतका सम्भावित क्षेत्रका दुर्घटनाका वेला प्रदान गरिने आकस्मिक स्वास्थ्य सेवा नगरअस्पताल वाट दिने व्यवस्था मिलाईने छ।

२६. प्रादेशिक अस्पताल, मेडिकल कलेज र सहयोगी संस्थाहरुकोसँगको समन्वयमा महिलाहरूको पाठेघरको मुखको क्यान्सर परीक्षणलाई प्रत्येक वर्ष स्वास्थ्य शिविरका माध्यम वाट स्क्रिनिङ्ग गर्ने व्यवस्था मिलाईने छ।

२७. सुत्केरी तथा नवजात शिशुको पोषणमा सुधार ल्याउन सुत्केरी पोषण आहार निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ।

२८. जेष्ठनागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ती, अतिविपन्न घरपरिवारहरुलाई **घरैमा गई स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ,** उनीहरु र गर्भवती तथा सुत्केरी महिलाहरूका लागी नगरपालिका वाट संचालित स्वास्थ्य संस्था र प्रसुती गृहसम्म ल्याउन र जटिलता देखिएमा थप उपचारको लागि लाहन र जिल्ला भित्रका अस्पतालमा पठाउनु पर्ने अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न वरमझिया स्वास्थ्य चौकीका लागी थप १ एम्बुलेन्स खरिद गरिनेछ।

२९. पूर्व प्रशुती सेवालाई प्रभावकारी वनाउदै हेलो सिष्टर कार्यक्रम,गर्भवती महिलाका लागी निःसुल्क भिडियो एक्सरे, जस्ता कार्यक्रम संचालन गरिने छ।नगरपालिकालाई १०० प्रतिशत संस्थागत सुत्केरी हुने गरि प्रभावकारी कार्यान्वयन गर्न नगरअस्पताल र वरमझिया स्वास्थ्य चौकिमा वर्थिङ्ग सेन्टर संचालन गरिने छ।

३०. महिला स्वास्थ्य स्वयं सेविका अवकाश तथा क्षतिपूर्ति अनुदान कोषको स्थापना गर्दै निजहरुलाई दिईदै आएको मासिक भत्तामा क्रमश वृद्दी गर्दै लैजाने निति लिईने छ।

३१. आयुर्वेद,योग एवं परम्परागत चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ। आयुर्वेद स्वास्थ्य केन्द्रमा पञ्चकर्म सेवा विस्तार गरिनेछ।

३२. निःसुल्क आयुर्वेद शिविर, स्वर्णविन्दु प्राशन,नसर्ने रोग नियन्त्रण, जेष्ठ नागरिक आरोग्य, घरदैलो आयुर्वेद सेवा, नागरिक आरोग्य जस्ता कार्यक्रमक संचालन गर्ने व्यवस्था मिलाईने छ

३३. निजी क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्थाहरूवाट प्रदान हुने सेवालाई गुणस्तरीय र सेवामुखी वनाउन प्रोत्साहन गर्ने तथा सोको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

३४. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी एवं नैतिकवान जनशक्ति तयार गरिनेछ। गुणस्तरीय शिक्षामा सर्वसुलभ पहुँच, प्रविधिमैत्री, रोजगारमूलक र जीवनपयोगी शिक्षाको विकास र विस्तार गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३५. शिक्षाको समग्र विकास र समृद्धिका लागि आवश्यक शिक्षक दरवन्दी मिलान र एक आपसमा समायोजन हुन चाहने विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

३६. आधारभूत विद्यालय(कक्षा १ देखि कक्षा ५) दलित, छात्राहरुलाई दिइदै आएको छात्रवृत्तिलाई निरन्तरता दिईनेछ। सीमान्तकृत समुदायका छात्र-छात्राहरूलाई अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।कक्षा ५ र कक्षा ८ पालिका स्तरका परीक्षा सञ्चालनलाई व्यवस्थित, मर्यादित एवं प्रभावकारी वनाइनेछ।

३७. मुस्लिम समुदायका छात्राहरूको शिक्षामा सहभागिता वृद्धि गर्न नगरपालिका भित्र सञ्चालनमा रहेका मदरसाहरूको क्षमता अभिवृद्धि गरिनेछ। विपन्न, सीमान्तकृत तथा मुस्लिम छात्र छात्राहरूलाई सूचना प्रविधिको पहुँचमा ल्याइनेछ।

३८. नगरपालिका भित्रका प्राविधिक शिक्षालय स्तरोन्नतीको लागि थप प्रक्रिया अगाडि बढाइनेछ।

३९. नगर भित्रका १५ देखि ६० वर्ष उमेर समुहका निरक्षर पहिचान गरि साक्षरता अभियान संचालन गरिने छ।

४०. सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुलाई दिईदै आएको निसुल्क सेनेटरी प्याड कार्यक्रमलाई निरन्तरता दिदै विद्यार्थीहरुको आन्तरिक क्षमता प्रस्फुटनका लागि , अतिरिक्त क्रियाकलापहरु संचालन गरिने छ।

४१. सामुदायिक सबै विद्यालयमामा स्थानीय पोषण युक्त दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिदै गैर सरकारी संघ सस्थाहरुको समेत सहकार्यमा लक्षित विद्यालयहरुमा दिवा खाजा रकममा थप गर्ने निति लिईने छ।

४२. युवामा सिर्जनशीलता, सकारात्मक सोच तथा नेतृत्व क्षमताको विकास र युवा उद्यम तथा व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४३. खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा प्रोत्साहन गरिनेछ। नागरिकको स्वस्थ्य जीवनका लागि खुला व्यायामशालाहरूको विकास गर्ने नीति लिइनेछ।

४४. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गरी खेलकुदको माध्यमबाट राष्ट्रिय पहिचान र सम्मान बढाउने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

४५. कृषि प्रणालीको प्रवर्द्धन, यान्त्रिकीकरण, व्यावसायीकरण र बजारीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरिनेछ।

४६. कृषि पूर्वाधार, बजार सूचना प्रणाली, उद्यमशीलता र गुणस्तर कायम गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ। कृषि विकासमा महिला सहभागिता अभिवृद्धि गरी स्वरोजगार सिर्जना हुने वातावरण मिलाइनेछ।

४७. परम्परागत कृषि ज्ञान, सिप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै रैथाने बाली तथा स्थानीय पशुपन्छीहरूको उत्पादनमा विशेष जोड दिइनेछ।

४८. नगरपालिका भित्र सम्भावना भएका उखु, आँप, आलु, प्याज तरकारी केरा लगायतका बाली तथा पशु वस्तुहरूको उत्पादन, भण्डारण र बजारीकरण प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४९. गुणस्तरीय उन्नत बीउ बिजन तथा पशुपन्छी विकाश गरि नगरपालिका भित्र बीउ बिजन तथा नक्लका स्रोत केन्द्रहरूको स्थापना गरि विक्रि वितरण र प्रवर्द्धनमा जोड दिइनेछ।

५०. साना किसानले सिंचाईका लागी जोडेका कृषि मिटरमा उठेको विद्युत महसुल नगरपालिकावाट भूक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

५१. कृषि उत्पादन सामग्री तथा कृषि उपजको उत्पादन, प्रशोधन र बजारीकरणको नियमन र न्यूनतम गुणस्तर सुनिश्चितता गर्दै खाद्य सुरक्षामा विशेष ध्यान दिइनेछ।

५२. कृषि प्रविधि विस्तारमा कृषि प्रसारवीच निरन्तर समन्वय गरिनेछ। कृषि तालिम तथा जनशक्तिको क्षमता विकासका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

५३. वैज्ञानिक तथा तथ्यपरक कृषि तथ्याङ्क प्रवाह गर्नका लागि कृषि क्षेत्रको तथ्याङ्क तथा कृषक सूचीकरण अद्यावधिक गरिनेछ।

५४. परीक्षणका आधारमा माटो सुधार अभियान कार्यकम सञ्चालनमा ल्याइनेछ। माटो स्वास्थ्य प्रमाणपत्रको वितरण कार्यलाई व्यवस्थित गर्दै प्राङ्गारिक पदार्थको मात्रा बढाइने कार्यक्रम सञ्चालन गरिनेछ।

५५. संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा उत्पादनलाई उद्योगसँग जोड्ने गरी विद्यमान वृहत पकेट, जोन क्षेत्रको विकास गर्दै लगिनेछ।

५६. निजी तथा सहकारी संस्थाहरूको सहकार्यमा खाद्यान्न, तरकारी, फलफूल, दुग्ध, माछा, मासुको बजार संरचना, प्रशोधन र विविधीकरण एवं पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५७. दुध, मासु उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि भैंसी,रागाँ, कुखुरा, बाखा, वङ्गुर र पोषण व्यवस्थापन, असल पशु स्वास्थ्य अभ्यासलाई प्राथमिकता दिइनेछ।

५८. कृषि प्राविधिक सेवामा पहुँच पुऱ्याउन तथा पशुपन्छीका संक्रामक रोगहरूको निदान, पहिचान र अन्वेषणका आधारमा गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराउने निति लिईने छ।

५९. प्राकृतिक विपद्, महामारी तथा जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असरबाट जोगिन जलवायु उत्थानशील, राहत कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्क्षीमा लाग्ने संक्रामक रोगहरूबाट बचाउ तथा नियन्त्रणका लागि खोप सेवाको सुनिश्चितता गरिनेछ।

६०. भूमिको खण्डीकरण,अवैध उत्खनन् रोकी कृषि भूमिको संरक्षण गरिनेछ। स्थानीय भूमि व्यवस्थापनका उपाय अवलम्बन गरी नगर भित्र बाँझो जमिन राख्न नपाउने नीति अवलम्बन गरिनेछ ।

६१. कृषि वस्तुको उत्पादनलाई उत्पादनस्थल देखि बजारसम्म सिधा पहुँच स्थापित गरी कृषि उत्पादनमा बिचौलियाको भूमिका कम गरि वजारीकरणमा केन्द्रित गरिनेछ।

६२. विपन्न वर्गलाई सहकारी संस्थामा आबद्ध गराई छरिएर रहेको श्रम, पूँजी, प्रविधि र सीपलाई एकीकृत रुपमा उपयोग गरी रोजगारी सिर्जना तथा गरिबी निवारणलाई टेवा पुग्ने गरी सहकारी क्षेत्रको क्षमता विकास गरिनेछ।

६३. नगरको समृद्धि र समुन्नतिका लागि ग्रामीण विकासलाई एक महत्वपूर्ण आयामका रुपमा लिई ग्रामीण क्षेत्रमा कृषि, सडक, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। गृहिणीहरूको रुचि र दक्षताको क्षेत्रमा उद्यमशीलता सम्बन्धी तालिम प्रदान गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

६४. लगानीबाट मात्र उत्पादन, रोजगारी र आय आर्जनको अवसर सिर्जना हुने तथ्यप्रति नगरपालिका स्पष्ट छ। लगानी गर्ने र व्यवसाय गर्ने अनुकूल वातावरण निर्माण गरी निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्न नगरपालिका दृढ छ।

६५. युवा तथा महिलाहरूलाई उद्यमशीलताको विकास सम्वन्धी चेतना अभिवृद्धि गरी स्वदेशमा नै लघु, घरेलु, साना उद्योग स्थापना र सञ्चालनमा सहजीकरण गर्न सीपमूलक तथा उद्यमशीलता सम्बन्धी तालिम प्रदान गरिनेछ।

६६. परम्परागत शिल्प व्यवसायको प्रवर्द्धन र विकास गरिनेछ।

६७. मिथिला संस्कृतिमा आधारित वास्तुकला, ललितकला र मुर्तिकला सम्बन्धी शिल्पकार उत्पादन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय हस्तकला प्रवर्द्धन परियोजनाहरू सञ्चालनका लागि मधेस प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ।

६८. विप्रेषणको अधिकांश हिस्सा उपभोगमा खर्च भइरहेको वर्तमान सन्दर्भमा विप्रेषण आयको उल्लेखनीय अंश लगानीमा रुपान्तरण र कार्यक्रम सञ्चालन गर्न सरकारी,गैर सरकारी संघ संस्था र निजि क्षेत्र सगं सहकार्य गरिनेछ।

६९. कालावजारी, एकाधिकार, कृत्रिम अभाव, कार्टेलिङ, सिण्डिकेट तथा प्रतिस्पर्धा नियन्त्रण गर्ने जस्ता कार्यको अन्त्य गर्दै नगरपालिकाको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाइ व्यापारिक स्वच्छता र सुशासन कायम गर्न वजार अनुगमनलाई सघन र नियमित बनाइ उपभोक्ता हक हितको संरक्षण गरिनेछ।

७०. पर्यटकीय स्थलहरूको विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ। सम्भाव्य स्थानहरूको विकासका लागि निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिनेछ।

७१. स्थानीय संस्कृति, भेष-भूषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरिनेछ।

७२. नगरपालिका भित्रका विभिन्न जातजातिको परम्परागत खानाको संरक्षण गरिनेछ। विभिन्न जातजातिको भेष-भूषा तथा संस्कृतिको संरक्षण तथा विकासमा जोड दिईने छ।

७३. नगर भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक स्थलहरूको संरक्षण, संवर्द्धन र विकास गरिनेछ। ऐतिहासिक महत्वपूर्ण सम्पदाहरूको संरक्षण एवं जीर्णोद्धार गरिनेछ। नगर भित्र रहेका धार्मिकस्थल तथा मठमन्दिर, मस्जिद, गुम्बा एवं ऐतिहासिक सम्पदाहरूको एकीकृत तथ्याङ्क अद्यावधिक गरिनेछ।

७४. सडक पूर्वाधारको विस्तार र सञ्जालीकरण गरी नगर अर्थतन्त्रमा उत्पादन क्षेत्रको लागत घटाउने र उत्पादित वस्तुको प्रतिस्पर्धी क्षमता बढाई बजार अर्थतन्त्रको विस्तार गरिनेछ। निर्धारित समय र लागतमा गुणस्तरीय पूर्वाधार निर्माण गरिनेछ।

७५. नगर स्तरका आयोजनाहरू कृषि सडक, पहुँच मार्ग लगायतका नगरस्तरीय सडक सञ्जालको विकास र विस्तार गरिनेछ।वडा कार्यालय पहुँच मार्ग निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

७६. आधारभूत खानेपानी सेवाबाट विमुख यस नगरपालिकाका वडा नं.१ देखि वडा नं.११ सम्मका जनतालाई खानेपानीको व्यवस्था मिलाउन वडा नं १ ,वडा नं ४ रहेका अधुरो खानेपानी आयोजना र वडा नं. ५ निर्माणाधिन खानेपानी, वडा नं.९ र वडा नं.११ मा निर्माणधिन आयोजना पुरा गर्न प्रदेश र संघीय सरकार सँगको समन्वयमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराइनेछ। खानेपानीको पहुँच विस्तारका साथै गुणस्तर अभिवृद्धिको लागि खानेपानी शुद्धीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। नगरका नागरिकलाई गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउन अल्पकालीन तथा मध्यकालीन रणनीति तर्जुमा गरिनेछ। खुला दिसामुक्त अभियान, सरसफाइ तथा स्वच्छता जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन

गरिनेछ साथै गैरसरकारी संस्थाहरुको समन्वय र सहकार्यमा शुद्ध खानेपानी घर घरमा पुर्याउन आवश्यक निति अवलम्बन गरिनेछ।

७७. प्रदेश सरकार र संघिय सरकारको सहकार्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) सम्पन्न गरी खानेपानी आयोजनाहरूको कार्यान्वयन गरिनेछ। पूर्ण सरसफाइ कार्यक्रमलाई सरकारी तथा गैरसरकारी संघसंस्थासँगको समन्वयमा सञ्चालन गरिनेछ।

७८. भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७९. जोखिमयुक्त बस्तीहरूको स्थानान्तरण र विपद् प्रभावित क्षेत्रको पुनर्निर्माण लगायतका कार्यलाई प्रदेश र संघीय सरकारको समन्वयमा गरिनेछ।संघीय सरकार तथा मधेस प्रदेश सरकारसँगको समन्वयमा बाढी, डुवान, आगजनी जस्ता प्राकृतिक विपद्बाट विस्थापितहरूको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

८०. नगर भित्रको सतह सिंचाइ योजना, भूमिगत सिंचाइ योजना, नयाँ प्रविधिमा आधारित सिंचाइ योजना एवं जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यलाई कमला सिंचाई आयोजना, प्रदेश र संघीय सरकारको समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। सिंचाइ आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनमा उपभोक्तालाई जिम्मेवार बनाउने नीति लिइनेछ।गैरसरकारी संस्थाको सहकार्य र समन्वयमा करिया खोला सिचाई योजना निर्माण गर्न आवश्यक अध्यन तथा अनुसनधान गरिनेछ।

८१. वातावरण संरक्षणलाई प्राथमिकतामा राखी सौर्य तथा वैकल्पिक ऊर्जाको प्रयोग तथा पहुँचलाई सुनिश्चित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

८२. विद्युतीय ऊर्जा खपतलाई प्रोत्साहन गर्न गैर सरकारी संघ संस्थाको सहयोग र समन्वया विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

८३. जल उत्पन्न प्रकोपको न्यूनीकरण र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ। बाढी तथा डुवानजन्य प्रकोपको न्यूनीकरणका लागि नगर स्तरिय कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ।संघीय प्रदेश सरकारको सहकार्यमा तटबन्ध निर्माणकार्य लाई निरन्तरता गरिनेछ।

८४. बेरोजगार युवाशक्ति, सामाजिक, आर्थिक तथा विविध कारणले पछि परेका समुदायका नागरिक एवं द्वन्द्व पीडित तथा बेपत्ता नागरिकका परिवारलाई सीपमूलक तालिमको माध्यमबाट रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाइनेछ।

८५. श्रम क्षेत्रमा उत्पन्न हुने विवाद समाधान गर्न तथा व्यवसायजन्य सुरक्षालाई प्रभावकारी बनाउन कार्यक्रम सञ्चालन गरिनेछ । संघीय सरकारसँगको समन्वयमा सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

८६. निर्माण, सेवा तथा उद्योग क्षेत्रमा स्वदेशी कामदार आकर्षित हुने वातावरण बनाउन क्षमता विकास तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। पूँजीगत खर्चलाई रोजगारी सिर्जनासँग आवद्ध हुने गरी अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गरिनेछ।

८७. वैदेशिक रोजगारीमा जाने नागरिकलाई आवश्यक पर्ने तालिम तथा सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीप र अनुभवको उपयोग गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

सभाका सदस्यज्यूहरू,

८८. वन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई नगरपालिकालाई वन पैदावारमा आत्मनिर्भर बनाइनेछ। डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयसँगको सहकार्यमा उपभोक्ता समूहको क्षमता अभिवृद्धि गरी उनीहरूको कार्य र क्रियाकलापमा सुशासन कायम गरिनेछ। वन डढेलोको प्रकोप नियन्त्रण गरिनेछ।

८९. नदी उकास क्षेत्र, सार्वजनिक तथा निजी जमिन, खोलाकिनारा लगायत खाली क्षेत्रमा वृक्षारोपण र बगर खेति अभियान सञ्चालन गरिनेछ।

९०. स्थानीय सव डिभिजन वन कार्यालय हरुको सहकार्यमा वन नर्सरीहरूको गुणस्तरलाई अभिवृद्धि गर्दै वन प्रजातिहरूको बहुवर्षीय बिरुवा उत्पादनमा जोड दिने निति लिईनेछ।

९१. जलाधार व्यवस्थापन गरी नदी कटान, बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको न्यूनीकरण र नियन्त्रण गरिनेछ। वनक्षेत्र भित्रका खोला खहरेको व्यवस्थापन गरिनेछ। कमला, चारनाथ तथा वालुवाखोलाको पुलको वारी पारी तथा अन्यत्र जमेर रहेको नदिजन्य पदार्थ व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ।

९२. डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयको सह कार्यमा चितुवा, बाँदर, निलगाई, बदेल र दुम्सी जस्ता वन्यजन्तुहरूको मानवसँगको द्वन्द्व कम गर्न उनिहरूको बासस्थान व्यवस्थापन र बहन क्षमताका आधारमा नियमन गर्ने उपायहरू अवलम्बन गरिने छ।

९३. नगरपालिका भित्रका महत्वपूर्ण जलाधार क्षेत्रहरू कमला, चारनाथ, बलुवा, करिया, वहिरा, निमाने, वफर, दुधराम, रकताही, सफि,अंधेरी र सेलार खोला लगायत नदी प्रणालीहरूको संरक्षण, व्यवस्थापन र सदुपयोगको माध्यमबाट जल सञ्चय वृद्धि, प्राकृतिक विपद् तथा जलवायु परिवर्तन न्यूनीकरण गर्न संघीय तथा प्रदेश सरकारको सहकार्य र समन्वयमा कार्यक्रम संचालन गरिनेछ।

९४. ढुङ्गा, गिट्टी, बालुवा,दहत्तर, बहत्तर जस्ता नदीजन्य पदार्थ उत्खनन, विक्री वितरण एवं प्राकृतिक स्रोतको संरक्षण,व्यवस्थापन र उपयोगका लागि नीतिगत, कानूनी र संस्थागत प्रवन्ध मिलाइनेछ।

सभाका सदस्यज्यूहरू,

९५. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि लैङ्गिक हिंसामुक्त नगरको अवधारणा अनुरुप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। वेसहारा महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैंगिक अल्पसंख्यक र अति विपन्नहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९६. हिंसा प्रभावित महिलाहरूका लागि संघ र प्रदेश सरकारसँगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ। हिंसा प्रभावित एवं पीडित महिलाहरूको संरक्षणको लागि पुनर्स्थापना कोष स्थापना गरी सञ्चालन गरिनेछ। नगर स्तरिय लैङ्गिक समानता नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

९७. गरिब तथा विपन्न, दलित, अल्पसंख्यक, आदिवासी जनजाति,मुसहर,डोम, दनुवार जाति, एकल तथा अपाङ्गता भएका महिला, हरुवा चरुवा, मुस्लिम महिला जस्ता पहुँच नपुगेका सबै समुदायका महिला तथा किशोरीको आय-आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक-सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ। उद्यमशीलताको माध्यमबाट लक्षित वर्गको मूलप्रवाहीकरण र आर्थिक सशक्तीकरण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाको सहयोगमा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

९८. बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको प्रबन्ध एवं बाल विवाह, बाल श्रम, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैर कानूनी ओसारपसार नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

९९. बालमैत्री नगरको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। छुवाछुत मुक्त नगरको" अवधारणा कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन गरिनेछ। कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको उद्धार र संरक्षणका कार्य अघि बढाइनेछ।

१००. मानव बेचबिखन तथा घरेलु हिंसा पीडितको सुरक्षा र संरक्षण, मनोसामाजिक परामर्श र उद्धार संयन्त्र, स्थापना गरी न्यूनिकरणका लागी कार्यक्रम संचालन गरिनेछ।

१०१. नगरलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री नगरकाका रुपमा विकास गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण, लैङ्गिक बजेट तथा लैङ्गिक परीक्षण नीति र कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. सडक सहयोगापेक्षी मानवमुक्त नगर निर्माण कार्यलाई निरन्तरता दिइनेछ। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि कार्यक्रम संचालन गरिनेछ।

१०३. नगरभित्र रहेका लोपोन्मुख, सीमान्तकृत र अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्दै, लक्षित वर्ग र प्राथमिकताका क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ। आवश्यक सहयोग र समन्वयका लागी क्रियाशिल सामाजिक संघ संस्थाहरूको एकीकृत प्रोफाईल तयार गरिनेछ।

१०४. लागू औषध दुर्व्यसन र आत्महत्याको दरलाई न्यूनीकरण गर्नका लागि सामाजिक संघ संस्था, विद्यालय, सुरक्षा निकाय, आम सञ्चार तथा गैर सरकारी क्षेत्रसँगको समन्वयमा मनोसामाजिक परामर्श लगायत सचेतनामूलक कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गरिनेछ।

१०५. नगरको विशिष्ट प्राकृतिक स्वरुप र भू-संरचनाको कारणले हुन सक्ने विपद् जोखिमको पहिचान र पूर्वानुमान गरी विपद्को रोकथाम र व्यवस्थापनलाई प्रभावकारी बनाइ नागरिकको जीवनरक्षा गरिनेछ। संघ तथा प्रदेश सरकारको समन्वयमा बाढी, पहिरो, डुवान तथा आगजनीबाट विस्थापितहरूको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. विपद् जोखिम न्यूनीकरण तथा विपद् प्रतिकार्य तालिमलाई निरन्तरता दिइनेछ। विपद्को समयमा खोज, उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन सामग्रीको सुनिश्चितता गरिनेछ। कमला,चारनाथ,बलुवा खोलाको मौसम तथा बाढी पूर्वानुमानको गुणस्तरीय र विश्वसनीय सूचना प्रदान गर्न संघीय सरकारसँग समन्वय गरिनेछ।

१०७. नगरबाट प्रदान गरिने सेवाहरूलाई विद्युतीय माध्यमबाट प्रदान गरिनेछ। विद्युतीय अभिलेख, सूचनाको सुरक्षा र गुणस्तरमा विशेष ध्यान पुऱ्याइनेछ। सूचना प्रणालीलाई आफ्नै सर्भर प्रणालीमार्फत सञ्चालन गरिनेछ। पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न विद्युतीय शासन प्रणालीमा जोड दिइनेछ।

१०८. आर्थिक वर्षको अन्त्यमा विशेष गरी असार मसान्तमा अत्यधिक पूँजीगत खर्च गर्ने परिपाटीको अन्त्य गरिनेछ। खर्च गर्ने क्षमता, मितव्ययिता, गुणस्तर तथा परिणाममुखी विकासमा ध्यान केन्द्रित गरिनेछ। सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाइनेछ। चालु खर्चलाई वाञ्छित सीमामा कायम राखी पूँजीगत खर्च बढाइनेछ।

१०९. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ। सरकारी कार्य प्रणालीमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन कायम गरिनेछ। वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै बेरुजु कम गरिनेछ। बेरुजु फर्छ्यौटलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

११०. नगरको विद्यमान सांगठनिक संरचनाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पुनरावलोकन गरिनेछ।

१११. सार्वजनिक खरिद व्यवस्थापनलाई व्यवस्थित एवं प्रभावकारी बनाइनेछ।

११२. अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। नीति तथा कार्यक्रम कार्यान्वयनबाट भएका उपलब्धि र प्रभावको लेखाजोखा एवं मूल्याङ्कन गरी तदनुरुप पुनरावलोकन गर्ने नीति लिइनेछ।

११३. नगरको आन्तरिक आयलाई अभिवृद्धि गर्न नगरपालिकाको राजस्व अधिकार क्षेत्रभित्र पर्ने स्रोतहरूको पहिचान गरी राजस्वको दायरा विस्तार गरिनेछ। राजस्व परिचालनलाई थप सुदृढ बनाउन क्षमता अभिवृद्दीका कार्यक्रम र सूचना प्रविधिमा आधारित राजस्व प्रशासन नीति अवलम्बन गरिनेछ। राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ ।

११४. स्थानीय निजामती सेवा, स्थानीय स्वास्थ्य ऐन तथा नियमावलीको तर्जुमा गरी स्थानीय प्रशासनलाई सबल, सक्षम, सुदृढ, पारदर्शी र उत्तरदायी बनाइनेछ।

११५. वढदो मंहगी, नेपाल सरकार र मधेश प्रदेश सरकारले गरेको तलव वृद्दिलाई समेत ध्यानदिदै कार्यरत राष्ट्र सेवकको तलवमानमा वृद्दी गर्ने निति लिएको छु।

११६. निर्वाचित जनप्रतिनिधि तथा जनशक्तिको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

११७. नगरपालिकाको तर्फबाट नागरिकलाई प्रदान गर्ने सेवालाई भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाइनेछ। नगरपालिका अन्तर्गतका कार्यालय र कर्मचारीहरूमध्ये कार्यसम्पादनमा उत्कृष्ट कार्यालय र कर्मचारी छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्जालीकरण गरी अभिलेख तथा प्रतिवेदन प्रणालीमा सुधार गरिनेछ।

११८. नवप्रवर्तन र सिर्जनशील कार्यहरूलाई प्राथमिकता दिइनेछ।

११९. संघ र प्रदेश सरकारबीच समन्वय, सहकार्य र सह-अस्तित्व कायम गर्दै तहगत अन्तरसम्बन्धलाई थप सुदृढ गरिनेछ।

१२०. संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संविधानमा उल्लिखित नगरपालिकाको अधिकार सूची र कार्य विस्तृतीकरण अनुरुप तर्जुमा गर्न बाँकी कानूनहरूको शीघ्र तर्जुमा गरिनेछ। स्थानीय तहको कानूनी क्षमता विकासका लागि सहयोग र समन्वयका कार्यक्रम सञ्चालन गरिनेछ। मानव अधिकारको उच्च सम्मान, संरक्षण एवं संवर्द्धन गरिनेछ।

**नगर सभाका सदस्यज्यूहरू,**

१२१. गणेशमान चारनाथ नगरपालिकालाई समृद्ध, समुन्नत, गतिशील र न्यायपूर्ण बनाउँदै हरेक क्षेत्रमा उत्कृष्ट, उदाहरणीय र नमूना नगरपालिकाको रुपमा अगाडि बढाइनेछ। नागरिकको हित, कल्याण, सुख, समृद्धि र असल जीवन प्रणालीको विकासका लागि यो नगरपालिका दृढ संकल्पित रहेको छ।

१२२. नगरपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम,दीर्घकालीन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो। यस नीति तथा कार्यक्रमले समृद्ध र समुन्नत नगरको आकाङ्क्षालाई पूर्ण रुपमा आत्मसात् गरेको छ। नीति प्रक्रियामा नगरपालिकाले नगरसभा, राजनीतिक दल, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, आम नागरिक एवं सबै सरोकारवालाहरूको राय सुझावलाई आत्मसात् गरिरहेको व्यहोरा स्मरण गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्वद्ध सबैको पूर्ण साथ र सहयोग रहनेमा म विश्वस्त छु।

१२३. अन्त्यमा, नगरको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/परोक्ष रुपले योगदान गर्नु हुने नगरपालिका नगरसभाका सदस्यहरूं, राजनीतिक दल, बुद्धिजीवी, विकास साझेदार संस्था, निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार, राष्ट्रसेवक, श्रमिक, सुरक्षाकर्मी लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।